मधुवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सानोश्री, बर्दिया

(आ.व.२०७५।०७६ को लागि प्रथम पटक प्रकाशित मितिः २०७५।०४।२२ गते)

स्थानीय सरकार संचालन ऐन बमोजिम यस बर्दिया जिल्ला मधुवन नगरपालिका नगर कार्यपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायका कार्यहरु ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७३।०७४ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकाको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोमिजका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरुः

१. दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

३. खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण ठेकेदारको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ। उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु सोको भोलिपल्ट हुनेछ।

४. रीतपूर्वक पर्न आएका दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम दिनको २ बजेदेखि प्रमुख प्रशासकिय अधिकृत र ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

५. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउपत्रहरु स्वीकार हुनेछैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले ७ दिनभित्र ठेक्का अंकको कबोल रकमको ५० प्रतिशत रकम जम्मा गरी पट्टा उठाउनुपर्नेछ साथै तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत हुनेछ।

७. नेपाल सरकार वा स्थानीय निकायलाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने कर दस्तुर, शुल्क आदि ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ। सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टा छुट्टै रसिद ठेकेदारले आफै छपाई यस कार्यालयबाट छाप लगाए पछि मात्र प्रयोगमा ल्याउनु पर्नेछ।

९. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४ तथा प्रचलित कानून अनुसार हुनेछ।

१०. ठेक्कामा असुल गर्न पाउने दररेटको सूची र शर्तहरु सहितको होडिङ बोर्ड कर संकलन केन्द्रमा अनिवार्य रुपमा सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ।

११. ठेक्का सम्बन्धमा कुनै बिवाद परेमा मधुवन नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ।

१२. गत बिगतमा ठेकेदारले नगरपालिकालाई बुझाउनु पर्ने रकम नबुझाई बांकी रहेकोमा निजको दरभाउपत्र स्वीकृत हुनेछैन।

०७५।४।२२

प्रमुख प्रशासकिय अधिकृत

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
२०७३

१३. नगरपालिकाले शुल्क नलिने भनि निर्देशन दिईएकोमा ठेकेदारले दस्तुरी लिन पाउने छैन । त्यसरी दस्तुर नलिई छोडेको रकम नगरपालिकाबाट माग गर्न पाउनेछैन ।

१४. नेपाल सरकारको निर्णय, मधुवन नगरपालिकाबाट ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही संशोधन बमोजिम ठेकेदारले कार्यान्वयन गर्नुपर्नेछ ।

१५. ठेकेदारले सूचना तथा सम्झौताका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको अनुगमन मधुवन नगरपालिकाबाट हुँदा शर्त उल्लघंन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सो बाट ठेकेदारलाई हानी नोक्सानी भएमा कार्यालय जिम्मेवार हुनेछैन ।

१६. मधुवन नगरपालिकाबाट निर्धारण भएको दर बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाईनेछैन र मधुवन नगरपालिकाको कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गरेको वा अनधिकृत रसिद प्रयोग गरेको देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

१७. यस सूचना बमोजिम सम्झौता भई ठेक्का चलनपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा, माफी र छुट हुनेछैन तर नेपाल सरकार वा सो मातहतको कुनै निकायबाट ठेक्का रोक्का वा बदर गर्ने निर्णय भएमा बांकी अवधिको दामासाहिले हुने रकम नेपाल सरकार वा रोक्का गर्ने निकायबाट सोधभर्ना भएमा नगरपरिषद्को निर्णयानुसार हुनेछ ।

१८. ठेक्का सम्झौता भएको भोलिपल्ट देखि १ बर्षको ठेक्का अवधि रहनेछ ।

१९. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ ।

२०. ठेकेदारले असुल गर्न पाउने रकम दरभाउपत्र फारममा उल्लेख गरिएको छ ।

२१. आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, सानोश्रीमा रहेको धरौटी खाता नं. १५१०३०००००००३००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर, मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको पचहत्तर दिनको म्याद भएको बैंक जमानी पत्र (विडवण्ड) वा नगद (नगद राख्दा हुन सक्ने जोखिम दरभाउपत्रदाताको हुने छ) शिलसन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

## तपसिल

| सूचना नं. | ठेक्काको विवरण | न्यूनतम कबोल अंक | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|
| १ | कुसुम्माघाट घाट उत्राही | १,४०,०००। | १०००। |

०७५।४।२

प्रमुख प्रशासकिय अधिकृत